न्यूयोर्क, अगस्ट १, २००६

सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यू,
नेपाल

## विषय - अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा नेपालको अनुमोदन

सम्माननीय,

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना र प्रभावकारी कार्यवाहीका लागि सन् १९९५ देखि कार्यरत दुई हजारभन्दा बढी नागरिक समाज संस्थाको विश्वव्यापी सञ्जाल अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि सञ्जाल (सीआईसीसी) का तर्फबाट यहाँलाई यो पत्र लेख्न पाउँदा गौरवान्वित ठानेको छु । यहाँलाई अवगतै छ, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान (आईसीसी) सन् २००२ देखि कार्यान्वयनमा आएको हो । हालसम्म १ सय ३९ राष्ट्रले यसमा हस्ताक्षर गरिसकेका छन् भने १ सय राष्ट्रले अनुमोदन गरेका छन् ।

नेपालको प्रतिनिधिसभामा भएका पछिल्ला विकास, खासगरी जुलाई २५, २००६ मा संसदले सर्वसम्मतिले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्ने प्रस्ताव पास गरेकोमा सीआईसीसी अत्यन्त खुशी छ । नेपालले रोम विधान अनुमोदन गर्न यथाशीघ्र आवश्यक कदम चाल्ने आश्वासनका साथ देशमा दण्डहीनताको अवस्थाको अन्त्य गर्न नेपालका तर्फबाट उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री केपी शर्मा ओलीले व्यक्त गर्नुभएको प्रतिबद्धताको पनि स्वागत गर्दछौं । अन्तर्राष्ट्रिय फौजदारी अदालतप्रति नागरिक समाज र मानवअधिकारकर्मीको समर्थन र चाहनाले यस सञ्जाललाई सबैभन्दा उत्साहित बनाएको छ ।

यहाँलाई अवगतै छ, आईसीसीमा एसिया महाद्वीपको प्रतिनिधित्व अत्यन्त न्यून रहेको छ, र यस अदालतलाई विविध कानुनी संस्कृतिले भरिपूर्ण बनाउन ठूलो एसियाली सहभागिता आवश्यक छ । हालसम्म क्याम्बोडिया, पूर्वी टिमोर, गणतान्त्रिक कोरिया, मंगोलिया, अफगानिस्तान र ताजिकिस्तान मात्र आईसीसीका एसियाली पक्षराष्ट्र हुन् । थाइल्याण्ड, फिलिपिन्स र बंगलादेशले मात्र रोम विधानमा हस्ताक्षर गरेका छन्, उनीहरुले अनुमोदन गर्न बाँकी नै छ ।

नेपालले संसदका कार्यहरु पुनःस्थापना गर्ने र लोकतान्त्रिक परिपाटीलाई सबल बनाउने क्रममा भोगिरहेको चुनौतीलाई पूर्ण रुपमा आत्मसात् गर्दै आईसीसी अनुमोदन गरेर यहाँको कानुनी राजलाई बलियो बनाउँदै अन्तर्राष्ट्रिय समुदायमा अन्तर्राष्ट्रिय मानवअधिकारप्रतिको प्रतिबद्धताको स्पष्ट सन्देश पुऱ्याउन सक्छ भन्ने हाम्रो विश्वास छ । यसर्थ, हामी आईसीसीको रोम विधान यथाशीघ्र अनुमोदन गर्न सम्मानीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारसक्षम अनुरोध गर्दछौं ।

यो सञ्जाल नेपालमा आफ्ना कार्य यथावत् राख्न तथा राष्ट्रमा आईसीसी र यसको सान्दर्भिकताका सम्बन्धमा गैरसरकारी संस्था, न्यायपालिका र विभिन्न मन्त्रालयहरुमा थप जानकारी दिनेतर्फ योगदान गर्न प्रतिबद्ध रहिरहनेछ ।

भवदीय,

विलियम आर. पेस
कन्भेनर
आईसीसीका लागि सञ्जाल